# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## (२०७९ श्रावणदेखि असोज मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलाप)




नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

**युवा तथा साना व्यवसायी स्वरोजगार कोष**

अनामनगर, काठमाडौं

## बिषय–सूची


| क.स | शीर्षक | पेज नं. |
|---|---|---|
| १ | कोषको स्वरूप र प्रकृति | १ |
| २ | कोषको काम, कर्तव्य र अधिकार | २ |
| ३ | कोषमा रहने कर्मचारी सङ्ख्या र कार्यविवरण | ३ |
| ४ | कोषबाट प्रदान गरिने सेवाहरू | ९ |
| ५ | कोषको शाखा र जिम्मेवार अधिकारीहरु (शाखा प्रमुखहरु) | १२ |
| ६ | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | १२ |
| ७ | निवेदन, उजुरीउपर निर्णय गर्ने प्रक्रिया र निर्णय गर्ने अधिकार | १२ |
| ८ | निर्णय उपर उजुरी सुन्ने अधिकारी | १२ |
| ९ | सम्पादन गरेको कामको विवरण | १३ |
| १० | सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद | १५ |
| ११ | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | १५ |
| १२ | आम्दानी खर्च तथा आर्थिक कारोवारसम्बन्धी अद्यावधिक विवरण | १६ |
| १३ | सूचनाको हकसम्बन्धी तोकिएबमोजिम अन्य विवरण | १९ |
| १४ | अघिल्लो आ.व. मा सञ्चालित कार्यक्रमहरू | १९ |
| १५ | सार्वजनिक निकायको वेभसाईट | २२ |
| १६ | सूचना परियोजनामा प्राप्त भएको वैदेशिक सहायता ऋण, अनुदान, एवम् सम्झौतासम्बन्धी विवरण | २२ |
| १७ | कोषले सञ्चालन गरेका कार्यक्रम र सोको प्रतिवेदन | २२ |
| १८ | सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली | २४ |
| १९ | कोषमा परेका सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय | २६ |
| २० | कोषका सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण | २६ |

**सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण**

**(२०७९ श्रावणदेखि असोज मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलाप)**

**१. कोषको स्वरुप र प्रकृति :**

**परिचय :**

स्रोत साधनको समुचित प्रयोग हुने गरी मुलुकमा उपलब्ध जनशक्तिद्वारा स्वरोजगार मूलक व्यावसायिक परियोजना सञ्चालन गर्नका लागि स्थानीय स्तरमा सुलभ र सुरक्षित व्यावसायिक कर्जा उपलब्ध गराई उद्यमशीलताको विकासमार्फत मुलुकभित्र स्वरोजगारका अवसर सिर्जना गर्न नेपाल सरकारले २०६५ सालमा युवा तथा साना व्यवसायी स्वरोजगार कोषको स्थापना गरी स्वरोजगार कार्यक्रम सञ्चालनमा ल्याएको हो । मुलुकमा उपलब्ध जनशक्तिलाई आर्थिक रूपमा सक्षम, सामाजिक रूपमा जिम्मेवार र सांस्कृतिक रूपमा जागरूप एवम् सिर्जनशील बनाई युवा स्वरोजगार कार्यक्रममा उनीहरूको सहज पहुँच, प्रयोग र परिचालन गर्न सक्ने अवस्था सिर्जना गरी अपनत्व र स्वामित्वको अनुभूति गराई कार्यक्रमलाई प्रभावकारी बनाउन युवा स्वरोजगार कोष कार्यक्रमका गतिविधि र क्रियाकलापहरू सञ्चालनमा आइरहेका छन् ।

**उद्देश्य :**

आर्थिक रूपले पिछडिएका विपन्न वर्ग, महिला, दलित, आदिवासी,जनजाति, द्वन्द्वपीडित, अपाङ्ग, घाइते परिवार तथा सहिद परिवार एवम् युवाहरू तथा परम्परागत सीप भएका जातजातिहरूलाई व्यावसायिक खेती, कृषिजन्य उद्योग वा सेवामूलक स्वरोजगार कार्यक्रम सञ्चालन गर्न सहुलियत ब्याजदरमा प्रति व्यक्ति बेरोजगार युवाहरूलाई रु. पाँच लाखसम्म आवधिक कर्जा र निशुल्क व्यावसायिक तालिम उपलब्ध गराई तिनीहरूको आय आर्जनमा वृद्धि गरी जीविकोपार्जनलाई सहज बनाउनु मुख्य उद्देश्य रहेको छ ।

**कोषको अन्य उद्देश्यहरू :**

- बेरोजगार युवाहरूलाई स्वरोजगार बनाउन र सहुलियत ब्याजदरमा वित्तीय संस्था तथा सहकारी संस्थामार्फत बिनाधितो कर्जा प्रवाह गर्ने ।
- युवा स्वरोजगार कर्जामार्फत युवाहरू विदेश पलायन हुनबाट रोक्न मदत गर्ने ।
- परम्परागत सीप भएका कामी, सार्की, दमाई, धिमाल, राजवंशी, द्वन्द्वपीडित व्यक्ति, उत्पीडित जाति, जनजाति र क्षेत्र तथा महिलालाई कर्जा लगानी गर्दा प्राथमिकता दिने ।
- व्यावसायिक खेती, पशुपक्षी पालन, कृषि तथा वनजन्य उद्योग पर्यटन घरबास तथा रत्न पत्थर ढुङ्गासम्बन्धी तालिम प्रदान गर्ने ।
- सहर तथा बजार क्षेत्रमा रिक्सा, ठेलागाडा सेवा सञ्चालनलगायतका सेवामूलक स्वरोजगार कार्यक्रमका लागि कर्जा उपलब्ध गराउने ।

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोष

- स्थानीय कच्चा पदार्थ र सीपमूलक परियोजना र जुन क्षेत्रमा उत्पादन हुने हो सोही क्षेत्रमा खपत हुने परियोजनालाई विशेष प्राथमिकता दिइने ।
- "एक गाउँ एक उत्पादन एवम् एक सहकारी एक मुख्य चिनारी" सम्बन्धी परियोजनामा लगानी गर्न प्रोत्साहन गर्ने ।

**युवा स्वरोजगार कार्यक्रमका विशेषताहरू :**

- कोषले बैंक तथा वित्तीय संस्थाहरूमार्फत प्राप्त गरेको विपन्न वर्ग कर्जा स्वरोजगार कार्यक्रममा प्रतिवर्ष ४ प्रतिशत ब्याजदरमा लगानी गर्ने ।
- कोषबाट प्राप्त रकम सम्बन्धित वित्तीय संस्था तथा सहकारी संस्थाहरूले बढीमा ८ प्रतिशत ब्याजदरमा युवालाई लगानी गर्ने ।
- वित्तीय संस्था तथा सहकारी संस्थाहरूको भुक्तानी तालिकाअनुसार साँवा र ब्याज समयमै तिर्ने ऋणीहरूले बुझाएको ब्याजको ६० प्रतिशतले हुने रकम सम्बन्धित कर्जाग्राहीलाई नै ब्याज अनुदानस्वरूप फिर्ता दिने ।
- कोषको कर्जा लिई व्यवसाय सञ्चालन गर्ने व्यवसायी र व्यवसायको बीमा हुने र बीमा गर्दा बुझाउनुपर्ने प्रिमियम कोषले प्रदान गर्ने ।
- कर्जाग्राहीको आवश्यकताअनुसार निःशुल्क व्यावसायिक तथा सीपमूलक तालिम उपलब्ध गराउने ।

**२. कोषको काम, कर्तव्य र अधिकार :**

राज्यमा व्याप्त बेरोजगार युवालाई स्वरोजगार बनाई आर्थिक संवृद्धि हासील गर्न युवा व्यवसायीहरूलाई वित्तीय संस्था तथा सहकारी संस्थाबाट विनाधितो सहुलियत ब्याजदरमा आवधिक कर्जा उपलब्ध गराउने उद्देश्यले उत्पादनशील श्रमको अधिकतम उपयोग तथा उद्यमशीलताको विकास गर्दै परम्परागत उत्पादन प्रणालीमा परिवर्तन एवम् आधुनिक प्रविधिको उपयोग गरी स्थानीय स्रोत साधनमा आधारित उत्पादनमा वृद्धि गर्न २०६५ सालमा युवा स्वरोजगार कोषको स्थापना भएको हो ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोषको (सञ्चालन) नियमावली, २०७७ अनुसार कोषको प्रयोग देहाय बमोजिमका कार्यमा हुने उल्लेख छ :

क. स्वरोजगार बन्न चाहने लक्षित समुदायका युवा तथा साना व्यवसायीलाई श्रम, सीप र उत्पादनमूलक कार्यमा लगाई स्थानीय स्रोतसाधनको अधिकतम उपयोग गर्दै रोजगारीका अवसर सिर्जना गरी सामाजिक, सांस्कृतिक, आर्थिक रूपान्तरण र विकास कार्यमा परिचालन गर्ने ।

ख. लक्षित समुदायमा परम्परागत पेसा र सीप विकास तथा व्यवसाय प्रबर्द्धनका लागि सहुलियत दरमा ऋण लगानी गर्ने,

ग. स्थानीय सीप र कच्चा पदार्थमा आधारित तथा स्थानीय स्तरमा उत्पादन हुने बस्तुको व्यावसायीकरणमा योगदान पुग्ने कार्यक्रम सञ्चालन गर्ने,

घ. नेपाल सरकारले पहिचान गरेको गरिब परिवारलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने,

नेपाल सरकार
युवा तथा खेलकुद
युवा तथा साना व्यवसायी

ङ. रोजगार प्रवर्द्धन गर्ने व्यवसाय, सामूहिक कृषि तथा पशुपालन लगायतका निर्यातमूलक वा आयात प्रतिस्थापन गर्ने उत्पादनशील व्यवसायमा लगानी गर्ने,

च. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले सञ्चालन गर्ने साना व्यवसायका लागि ऋण लगानी गर्ने ।

**३. कोषमा रहने कर्मचारी सङ्ख्या र कार्यविवरण :**

**हाल कोषमा कार्यरत कर्मचारीहरूको दरबन्दीको अवस्था**

| क. सं. | स्वीकृत दरबन्दीअनुसारको पद | स्थायी/करार | कर्मचारी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | उपाध्यक्ष - म.प.बाट भएको निर्णयानुसार | म.प.को निर्णयानुसार | १ | |
| २ | कार्यकारी निर्देशक - अधिकृत प्रथम | म.प.को निर्णयानुसार | १ | |
| ३ | शाखा प्रमुख - अधिकृत द्वितीय | करार | ८ | लेखा शाखा प्रमुख म.ले.नि.का. बाट स्थाई |
| ४ | असुली विशेषज्ञ - अधिकृत द्वितीय | करार | २ | |
| ५ | शाखा प्रमुख - अधिकृत तृतीय | करार | २ | बीमा शाखा र वित्त शाखा |
| ६ | सूचना प्रविधिविज्ञ - अधिकृत तृतीय | करार | १ | |
| ७ | शाखा अधिकृत - अधिकृत तृतीय | करार | ११ | |
| ८ | सहायक प्रथम, कम्पयुटर अपरेटर | करार | १७ | |
| ९ | सहायक द्वितीय | करार | ३ | |
| १० | कार्यालय सहयोगी, सवारी चालक | करार | ८ | |
| | **जम्मा** | | ५३ | |

**स्थानीय समन्वय तथा अनुगमन समिति**

१. कोषद्वारा सञ्चालित कार्यक्रमको समन्वय तथा अनुगमनका लागि हरेक स्थानीय तहमा पाँच सदस्यीय स्थानीय समन्वय तथा अनुगमन समिति रहनेछः

(क) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत– अध्यक्ष

(ख) उधमशीलतामा क्रियाशील युवामध्ये सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले तोकेको कम्तीमा एक जना महिला र दलितसहित तीन जना–सदस्य

(ग) स्वरोजगार सहजकर्ता–सदस्य सचिव

**कर्जा असुली उप-समिति :**

(१)कोषले कर्जाग्राही र संस्थाहरूलाई गरेको कर्जा प्रभावकारी रूपले असुली गर्न प्रत्येक जिल्लामा देहायबमोजिमको पाँच सदस्यीय कर्जा असुली उपसमिति गठन गर्नेछ ।

(क) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी –संयोजक

(ख) जिल्ला समन्वय अधिकारी –सदस्य

(ग) जिल्लामा युवा उद्यमीहरूमध्येवाट दुई जना –सदस्य

(घ) कोषको सम्बन्धित जिल्लाको कर्जा असुली सहजकर्ता –सदस्य-सचिव

**शाखाहरूको कार्यविवरण**

**क) प्रशासन शाखा**

- कोषको सबै शाखासँग समन्वय गरी कोषमा आवश्यक पर्ने पानी, बत्ती, टेलिफोन, स्टेशनरी, कम्प्युटर तथा अन्य शाखाले माग गरेको विवरणहरू तुरुन्त उपलब्ध गराउन शाखाका अन्य कर्मचारीहरूलाई तोक्ने कर्मचारीहरूको तलब भत्ता, हाजिर, बिदा, कर्मचारीहरूका व्यक्तिगत फाइल आदिको व्यवस्था मिलाई कोषको सम्पत्तिको विवरण चुस्त दुरुस्त राख्ने दायित्व शाखाको हुनेछ ।
- कर्मचारी तथा कार्यालय प्रशासनसम्बन्धी सम्पूर्ण कार्य गर्ने र सम्पर्क, समन्वय र परिचालनसम्बन्धी कार्य गर्ने ।
- कर्मचारीहरूको बिदा, सिफारिस तथा स्वीकृत गर्ने ।
- कोषको स्वीकृत कार्यक्रमअनुसार खरिद योजना बनाई नियमानुसारको प्रक्रिया पुऱ्याई खरिद गर्ने ।
- अत्यावश्यक काममा कुनै पनि कर्मचारी कार्यालय बाहिर जाँदा सम्बन्धित शाखाको सिफारिसमा कर्मचारी लगबुक स्वीकृत गर्ने ।
- कर्मचारी तलब भत्ताका लागि हाजिर प्रमाणित गरी पेश गर्ने ।
- शाखाको काम कार्बाही गर्दा आवश्यक टिप्पणी पेश गर्ने ।
- माग फारामहरू सिफारिस गर्ने तथा भण्डारणमा रहेका स्टेशनरी समानहरू स्वीकृत गर्ने ।
- कर्मचारीहरूको अनुगमन, निरीक्षण, हाजिरी चेकजाँच, कार्यकारी निर्देशकलाई जानकारी दिई छड्के आदि गर्ने र तदनुरूप पुरस्कार वा कार्बाहीको सिफारिस गर्ने ।
- प्रशासन शाखाबाट तयार गर्ने पत्रहरूमा दस्तखत गर्ने, सिफारिस गर्ने ।
- सवारी साधानको व्यवस्थापन गरी तथा रेकर्ड राख्ने ।
- सुरक्षा गार्डको कामको मूल्याङ्कन गर्दै कोषको कामको आधारमा जबाफदेही बनाउने ।
- खर्चको बिल भरपाई चेकजाँच गर्ने, भुक्तानीका लागि सिफारिस गर्ने ।
- सानो नगदी कोषको सञ्चालन गर्ने, जिम्मेवारी तोक्ने ।
- समग्रमा मानवीय संशाधन व्यवस्थापकको भूमिका निर्वाह गर्ने ।
- सञ्चालक समितिको बैठक, उपाध्यक्ष तथा कार्यकारी निर्देशकको संयोजकत्वमा बस्ने बैठकका लागि आवश्यक पत्राचार आदिमा सक्रियतापूर्वक कार्य गर्ने ।
- आफ्नो शाखाअन्तर्गत रहेका कर्मचारीहरूलाई TOR दिई काममा लगाउने र कार्य सम्पादन मूल्याङ्कन सिफारिस गर्ने ।
- भण्डारणको व्यवस्था, सोधपूछ कक्ष, सवारीचालक र कार्यालयसहयोगीलाई आवश्यकताअनुसार काममा खटाउने र कार्यकारी निर्देशकलाई जानकारी गराउने ।

**ख) तालिम शाखा**

- तालिमको आवश्यकता पहिचान, सम्भावना, तालिमसम्बन्धी बार्षिक कार्ययोजना, बजेट तर्जुमा र कार्यान्वयन कार्ययोजना गर्ने ।
- कोष अर्न्तगत सञ्चालन हुने विभिन्न प्रकारका तालिमहरु (अनुशिक्षण, अभिमुखीकरण, सीपमुलक, क्षमता अभिवृद्धि तालिम र कर्मचारी क्षमता अभिवृद्धि तालिम आदि) सञ्चालन गर्ने ।
- कोष अर्न्तगत प्रदेश र स्थानीय तहमा सञ्चालन हुने विभिन्न प्रकारका तालिमहरु सम्पन्न गर्न योजना तर्जुमा तथा समन्वय गर्ने र कार्यान्वयन गर्ने/गराउने ।

- कोषले तोकेअनुसार बैंक/बित्तीय/सहकारी संस्थाहरु र अन्य संघ/संस्थाहरुबाट तालिम माग भई आएमा सिफारिस स्वीकृत भएका तालिमहरु सञ्चाालन गर्न समन्वय, सहकार्य वा अनुगमन गर्ने ।
- कोषले तालिम सञ्चालन गर्न आवश्यकता अनुसार अन्य संघ/संस्थाहरुसँग समन्वय गर्ने/गराउने ।

**ग) कार्यक्रम शाखा**

- कोषको वार्षिक बजेट तयार गर्ने, बजेटको बारेमा व्यवस्थापन र मन्त्रालयसँग समन्वय गर्ने ।
- आर्थिक वर्ष समाप्त भएको १ महिना भित्र वार्षिक प्रतिवेदन तयार गर्ने ।
- ऋण लगानीको लागि प्रस्ताव आह्वान गर्ने, आवश्यकताअनुसार प्रदेशसँग समन्वय गर्ने ।
- प्राप्त प्रस्तावहरूको आवश्यक अध्ययन, विश्लेषण गरी व्यवस्थापन समक्ष पेश गर्ने ।
- प्रस्ताव स्वीकृत भएका फाइलहरू व्यवस्थित र सुरक्षित गर्ने ।
- अन्य शाखासँग समन्वय गरी मासिक रूपमा Cumulative प्रगति प्रतिवेदन तयार गर्ने ।
- बजेट रकमान्तर गर्न लेखा शाखासँग समन्वय गर्ने ।
- लगानीसम्बन्धी फारामहरू, मापदण्डहरू तयारी, परिमार्जन एवम् पुनरावलोकन गर्ने ।

**घ) सूचना प्रविधि तथा अनुसन्धान शाखा**

- कोषको अनुसन्धान, प्रकाशन, गोष्ठी, अन्तर्क्रिया तथा प्रवर्द्धनसम्बन्धी वार्षिक कार्यतालिका बनाउने ।
- बृहत रूपमा स्वरोजगारका अवसर सिर्जना हुने क्षेत्रको पहिचान गर्ने, अध्ययन, अनुसन्धान गर्ने ।
- कोषको प्रवर्द्धनका लागि अन्य कार्यहरू गर्ने ।
- कोषको प्रभावकारितासम्बन्धी अध्ययन, अनुसन्धान गर्ने ।
- सूचना प्रविधिलाई चुस्त दुरुस्त पार्ने ।
- आवश्यकताअनुसार कोषको सूचना प्रवाह गर्ने ।
- कोषले विगतमा गरेको अनुसन्धान प्रतिवेदनहरू अध्ययन गर्ने ।
- कोषको बुलेटिनलगायत अन्य प्रकाशन तयार गर्ने ।
- व्यवस्थापनले तोकेको विभिन्न उपसमितिमा बसेर कार्य सम्पन्न गर्ने ।
- कम्प्युटर, ल्यापटप, टेलिफोन, इमेल, इन्टरनेट, वेभसाइड, सर्भर चुस्त दुरुस्त राख्ने ।
- कोषलाई सूचना आदान प्रदानको हिसाबले प्रविधिमैत्री बनाउने ।
- कोषमा माग हुने सूचना प्रदान गर्ने ।

**ङ) बीमा शाखा**

- यस कोषबाट सम्झौता भई कर्जा लगानी भएका बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूबाट सञ्चालित कोषको कर्जा कार्यक्रममा सहभागी व्यवसायी र निजले सञ्चालन गर्ने व्यवसाय/सम्पत्तिको समयमै बीमा गर्न आवश्यक व्यवस्था मिलाउने ।
- कर्जा प्रवाह भएको रकमका साथै कर्जा लिने व्यक्तिको समयमा बीमा भए नभएको यकिन गरी आवश्यक रेकर्ड अद्यावधिक राख्ने व्यवस्था मिलाउने ।
- बीमा दाबीसम्बन्धी परेका दाबीहरूको सम्बन्धित बीमा कम्पनीसँग समन्वय गरी समयमै क्षतिपूर्ति दिलाउन कारवाही गर्ने, दावी रेकर्ड राख्ने व्यवस्था गर्ने गराउने ।



नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोष

- बीमासम्बन्धी आवश्यक अनुशिक्षण पुस्तिका तयार गरी लक्षित वर्ग/स्वयंसेवक तथा कोषको अन्य शाखा, सहकारीहरूलाई युवा स्वरोजगार बीमालेखबारे अभिमुखीकरण, अनुशिक्षण तालिम/अन्तरक्रिया कार्यक्रम बनाई कोषबाट स्वीकृत गराई सञ्चालन गर्ने/गराउने ।
- बिभिन्न जिल्लास्थित कोषका कर्जा असुली उपसमितिसँग सम्पर्क राखी बीमा दाबी सम्बन्धमा केकसो कार्य भएको छ भन्ने जानकारी लिने र आवश्यकताअनुसार निर्देशन/परिपत्र गर्ने ।
- बीमासम्बन्धी आएका नीतिगत तथा कार्यगत समस्याहरूको पहिचान गरी समाधानको उपायहरू उल्लेख गरी व्यवस्थापनलाई बुझाउने ।
- बीमालेखको सकल प्रति सम्बन्धित बिमित बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूलाई उपलब्ध भए नभएको यकिन गर्ने र उपलब्ध गराउनेतर्फ पहल गर्ने । अनलाइन बीमा फारम भर्ने व्यवस्था मिलाउने ।
- बीमा दाबी फछ्र्यौट भएकाहरूको दावी भुक्तानी तथा कर्जा हिसाब फरफारकको रेकर्ड अद्यावधिक राख्ने व्यवस्था गर्ने ।
- झुठ्ठा तथा गलत दावी गर्ने व्यक्ति/संस्थाहरूलाई आवश्यक कारबाही गर्न सिफारिस गर्ने ।
- बीमासम्बन्धी काम व्यवस्थित गर्न अन्य शाखासँग समन्वय गर्ने ।
- कोषका कर्मचारी तथा सहजकर्ताहरूको बीमाको व्यवस्था, बीमा दाबीका लागि आवश्यक कार्य गर्ने ।

**च) अनुगमन शाखा**

- युवा स्वरोजगार कर्जा लगानीका लागि प्रदेशबाट सिफारिस भई आएका प्रस्ताव तथा आवेदनहरूको मूल्याङ्कन गर्ने ।
- कर्जा आवेदन प्रस्तावहरूको अध्ययन गर्ने र विवरण तयार गर्ने ।
- कोषको लक्ष्य, उद्देश्यअनुरूप कर्जा लगानी पूर्व तथा लगानी गरिसकेपछि कर्जा सदुपयोगिताको बारेमा सुपरीवेक्षण गर्ने ।
- प्रादेशिक कार्यालयले तर्जुमा गरेका तालिम, अनुसन्धान तथा कार्यक्रमको निरीक्षण तथा स्थलगत अनुगमन गर्ने ।
- लक्षित वर्गमा प्रवाह भएको कर्जा सदुपयोग भए नभएको पहिचान गर्ने तथा अनुगमनको क्रममा व्यवस्थापनलाई आवश्यक पृष्ठपोषण (feedback) दिने ।
- आवश्यकताअनुसार आफ्नो कार्यक्षेत्र भित्रको अनुगमन योजना तयार गर्ने ।
- बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूलाई कर्जा प्रवाह गर्नुपूर्व उक्त संस्थाको निरीक्षण तथा अनुगमन गरी वित्तीय अवस्था र सक्षमताको अध्ययन गर्ने ।
- कर्जा प्रवाह भएपछि सहकारीले सम्झौताअनुसार लगानी गरे नगरेको सुपरिवेक्षण गर्ने ।
- बैंक, वित्तीय संस्था, सहकारी संस्था तथा कर्जाग्राहीले भुक्तानी तालिकाअनुसार नियमित साँवा, व्याज वुझाए नवुझाएको अनुगमन गर्ने, यदि नबुझाएको भएमा बुझाउनका लागि उत्प्रेरित गर्ने ।
- कर्जा दुरूपयोग गर्ने संस्था वा व्यक्तिलाई आवश्यक कानुनी कार्बाही गर्न कार्यालयप्रमुखलाई सिफारिस गर्ने
- आवश्यकताअनुसार आफ्नो कार्यक्षेत्र भित्रको अनुगमन योजना प्रादेशिक कार्यालयसँग लिने ।
- सुपरीवेक्षण गर्दा कोषको लक्ष्य, उद्देश्य, विधि र प्रक्रियालाई अक्षरस पालना गर्ने ।
- कार्यालयले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय

**छ) कानुन शाखा**

- कोषलाई आईपर्ने सम्पूर्ण कानुनी समस्याको समाधान गर्ने, गराउने ।
- कोषको विरुद्धमा पर्ने मुद्दा, मामिला, निवेदन, पुनरावेदन, रिट निवेदनमा कोषका तर्फबाट सम्बन्धित अड्डा अदालतमा लिखित जबाफ, प्रतिउत्तर फिराउने र कोषको तर्फबाट निवेदन, पुनरावेदन र रिट निवेदन तयार गर्ने ।
- कोषसँग सरोकार राख्ने जुनसुकै मुद्दा, मामिलाहरूमा कोषको तर्फबाट जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालत एवम् नेपाल राज्यभरि जुनसुकै अड्डाअदालतमा उपस्थित भई बहस पैरवी गर्ने र प्रतिवादन गर्ने ।
- अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय सूचना आयोग, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय तथा विभिन्न एवम् अन्य निकाय तथा व्यक्तिबाट प्राप्त चिठीपत्र र उजुरीको सम्बन्धमा अध्ययन गरी सोको लिखित जबाफ फिराउने ।
- कोषको कानुन शाखाका अतिरिक्त विशेष कामहरूमा जस्तो कोषको कर्जा लगानी भएका बैक, वित्तीय संस्था र सहकारी संस्थाहरूमा लगानी भएको रकम दुरूपयोग भएमा त्यस्तो दुरूपयोग भएको रकमको सदुपयोगिताको लागि जिल्लामा गई रकम असुलाउपर गराउने, कानुनी कारर्बाही चलाउने ।
- कोषको लगानीको बेलाबेलामा विभिन्न जिल्लामा गई अनुगमन निरीक्षण गर्ने ।
- कोषको दैनिक प्रशासकीय कार्यमा कानुनी राय, सल्लाह प्रदान गर्ने ।
- कानुन शाखाले गरेका कामहरूको अभिलेख राख्ने ।
- कोषको शाखाहरू, जिल्लास्थितका कर्जा असुली उप समिति, जि.प्र.का. एवम् अन्य निकायमा आवश्यकता अनुसार समन्वय गर्ने ।
- कोषको आर्थिक विनियमावली, विभिन्न निर्देशिकाको मस्यौदा र कार्यविधिको मस्यौदा तयार गर्ने ।
- सम्बन्धित ऋणीको अचल सम्पत्ति रोक्का, फुकुवा, लिलाम तथा लिलाम सकार्नेसम्बन्धी कार्यविधि तयार गर्ने ।
- ऋण लगानी असुलीसम्बन्धी अन्य ऐन, कानुनको अध्ययन गरी कोषमा भएका ऐन कानुनको परिमार्जन गर्ने ।

**ज) असुली शाखा**

- कोषबाट लगानी भएका सबै कर्जाग्राहीहरू बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूलाई समयमै किस्ता र ब्याज बुझाउन फोन सम्पर्क, पत्राचार गर्ने, स्थलगत ताकेताका लागि कार्ययोजना बनाई असुली टोली खटाउने । आवश्यक देखिएमा कर्जाग्राहीको स्थलगत ताकेतामा जाने । असुली हुन गाह्रो भएको स्थानमा कुन 'रणनीति' अवलम्बन गर्नु पर्दछ, व्यवस्थापनसमक्ष राय पेश गर्ने ।
- कर्जाग्राहीलाई साँवा ब्याज समयमा नै बुझाउन ताकेता गर्ने, सम्पर्क निरन्तर कायम गर्ने ।
- भाखा नाघेको ऋण न्यूनीकरण गर्दै जाने ।
- अग्रिम किस्ताको जानकारी तथा ताकेतासम्बन्धी पत्राचार गर्ने/गर्न लगाउने ।
- असुलीसम्बन्धी विशेष कार्बाही गर्नुपर्ने भएमा, असुली फाँट (शाखा) को छलफल र सिफारिसमा 'कानुन' शाखामा पत्राचार गर्ने ।
- सम्बन्धित ऋणीको धितो मूल्याङ्कन गर्ने व्यवस्था मिलाउने ।
- लगानी, असुली, ब्याजदर, जरिवानालगायतका विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यतासमेत अध्ययन गरी कोषको लगानी असुली प्रक्रियालाई व्यवस्थित गराउने ।
- कार्यकारी उपाध्यक्षज्यू तथा कार्यकारी निर्देशकज्यूले लगाएको/अह्राएको कोषको सम्पूर्ण कार्यहरू सम्पादन गर्ने ।

झ) वित्त व्यवस्थापन शाखा

- कोषमा विभिन्न बैक तथा वित्तीय संस्थाबाट प्राप्त विपन्न वर्ग कर्जाको विवरण अद्यावधिक गर्ने/गराउने ।
- लेखा परीक्षणका लागि वित्तीय विवरण तयार गरी लेखा परीक्षण गराउने ।
- कोषका विभिन्न बैकहरूको खातामा रहेको रकमको मौज्दात तथा ब्याज यकिन गरी सोको आम्दानी विवरण बनाई प्रत्येक १५ दिनमा प्रगति विवरण पेश गर्ने ।
- कोषका खाताहरू यकिन गरी राख्ने ।
- कोषले लगानी गरेका सम्पूर्ण खाताहरूको लगानी, असुली प्रष्ट देखिने गरी प्रादेशिक रूपमा लगानी तथा असुली विवरण तयार गर्ने ।
- समयमा किस्ता नबुझाउने बैक तथा वित्तीय संस्था र सहकारी संस्थाहरूलाई तरताकेता गरी समयमा नै असुलउपर गराउने ।
- आम्दानी, खर्च, मौज्दातको प्रत्येक चौमासिक विवरण तयार गर्ने ।
- प्रत्येक बैकहरूको Reconcilation विवरण तयार गरी हिसाब चुस्त दुरुस्त राख्ने ।
- असुली तालिका तयार गरी प्रत्येक बैक, वित्तीय संस्था तथा सहकारी संस्थालाई उपलब्ध गराउने, सोहीअनुसार असुली गर्ने व्यवस्थाका लागि असुली शाखासँग समन्वय गर्ने ।
- कोषमा रहेको फण्डको अधिकतम सदुपयोग हुने गरी रकम परिचालनको कार्य योजना बनाई व्यवस्थापनसमक्ष पेश गर्ने ।
- वित्तीय व्यवस्थापन कार्य समयानुसार प्रविधिमैत्री बनाउन व्यवस्थापनलाई सहयोग गर्ने ।
- कोषका आवधिक वित्तीय विवरण (वार्षिक, चौमासिक, मासिक) तयार गर्ने ।
- वित्त शाखामा आवश्यक पर्ने सफ्टवेयरसम्बन्धी सुझाव तयार गर्ने । सञ्चालनमा रहेको सफ्टवेयरको स्तरोन्नति गर्न सुझाव दिने ।
- कोषलाई आइपर्ने तहलगायतका क्षेत्रमा परामर्श दिने ।
- साझेदार संस्थासँग सम्पन्न गरिने वित्तीय सम्झौताका बारेमा सुझाव दिने ।
- वित्तसम्बन्धी भौतिक फाइलहरू व्यवस्थित गर्ने ।
- कोषको कारोवारलाई पूर्ण रूपमा कम्प्युटराइज गर्ने, कारोवारलाई सफ्टवेयरमा पोष्टिङ्ग गर्ने ।
- भाखा नाघेको ऋण यकिन गर्ने ।
- लगानी रकमको साँवा, ब्याज भाका ननाघ्दै असुलीको लागि ताकेता गर्ने ।
- वित्त शाखाबाट गर्नुपर्ने अन्य कार्यहरू गर्ने ।

ञ) लेखा शाखा

- कार्यालय सञ्चालन बजेट सञ्चालन गर्ने, लेखा राख्ने ।
- बेरुजू सिर्जना हुनबाट रोक्ने, बेरुजू फछ्र्यौट गर्ने ।
- कर्मचारी, सहजकर्ताहरूलाई पेश्की दिने, फछ्र्यौट गराउने, तलब खुवाउने ।
- लेखा व्यवस्थापनलाई प्रविधिमैत्री बनाउने ।
- समय समयमा परिवर्तन हुने ऐन कानुन नियमसम्बन्धी व्यवस्थापनलाई सुझाव, सल्लाह दिने ।
- प्रादेशिक कार्यालयको लेखा व्यवस्थित गर्ने ।
- कोषको नगद तथा जिन्सीको उचित संरक्षण गर्ने, आवश्यक लेखा, स्टोर व्यवस्थित राख्ने ।
- कोष केन्द्रीय कार्यालयसँग निरन्तर सम्पर्कमा बसी केन्द्रीय कार्यालयवाट प्राप्त निर्देशन कार्यन्वयन गर्ने,गराउने ।

- आफ्नो क्षेत्रअन्तर्गतका कोषबाट कर्जा लाने बैंक, वित्तीय तथा सहकारी संस्थाको अनुगमन, निरीक्षण गरी कर्जा असुली गर्ने र दुरूपयोग गर्ने संस्था तथा व्यक्तिलाई कार्बाही गर्ने ।
- प्रदेश कार्यालयको लेखा व्यवस्थित गर्ने, अद्यावधिक वित्तीय विवरण तयार गरी लेखा परीक्षण गराउने ।

**४. कोषबाट प्रदान गरिने सेवाहरू :**

**स्वरोजगार कर्जा लगानी कार्यक्रम**

आर्थिक रूपले विपन्न महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, सीमान्तकृत, लोपोन्मुख, अल्पसङ्ख्यक, मुस्लिम समुदाय, अपाङ्गता भएका, द्वन्द्वपीडित तथा पिछडिएको क्षेत्रका १८ वर्ष पूरा भई ६० वर्ष ननाघेका बेरोजगार व्यक्ति वा समुदायलाई निम्न व्यवसायहरूमा कर्जा लगानी गर्न सक्नेछ ।

- व्यावसायिक खेती तथा पशुपक्षी पालन, कृषि तथा वनजन्य उद्योग, घरेलु तथा साना उद्योग तथा अन्य व्यापार व्यवसाय,
- शहर र बजार क्षेत्रमा रिक्सा, ठेलागाडा सेवा सञ्चालन लगायतका सेवामूलक स्वरोजगार व्यवसाय,
- परम्परागत सीपसँग सम्बन्धित व्यवसाय,
- घर वास (Home Stay) सम्बन्धी व्यवसाय,
- स्थानीय कच्चा पदार्थ प्रयोग गरी सञ्चालन गरिने व्यवसाय

**तालिम**

- परम्परागत सीप भएका व्यक्तिले गर्ने व्यवसायको लागि तालिमकाप्रमाण-पत्र आवश्यक पर्ने छैन । ऋण दिने बैंक, वित्तीय संस्था तथासहकारी संस्थाले ऋण लगानी गर्दा सम्बन्धित ऋणीले व्यवसाय गर्नसक्ने वा नसक्ने यकिन गरी ऋण प्रदान गर्नेछ ।
- संस्थासँग कर्जा सम्झौता पूर्व कोषले संस्थाको अध्यक्ष र व्यवस्थापकलाई अनुशिक्षण तालिम प्रदान गर्नेछ ।
- संस्थाले ऋण लगानी गर्नु पूर्व सम्भावित ऋणीलाई ऋण सदुपयोग सम्बन्धी कोषले अभिमुखीकरण तालिम उपलब्ध गराउने छ ।
- व्यवसायीहरुले व्यवसाय सञ्चालनको लागि ऋण लिनु अगावै र पछि पनि कोषको तर्फबाट सीपमूलक तालिम निशुल्क प्राप्त गर्न सक्नेछन् ।

**व्यवसायी तथा व्यवसाय बीमा**

स्वरोजगार कर्जा लिई सञ्चालन गरेको व्यवसाय र व्यावसायिको बीमा हुनेछ । बीमाको प्रिमियम नेपाल सरकारले भुक्तानी गरिदिने छ । बीमा गर्नका लागि बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाले राष्ट्रिय बीमा कं. लि.मा प्रस्ताव पठाई पोलिसी लिनुपर्ने छ । ऋणको भाखा अवधिभित्र ऋणीको मृत्यु भएमा वा स्थायी रूपमा अपाङ्ग भएमा र भवितव्य परी परियोजनाको नोक्सान भएमा परियोजनाको बीमाअनुसारको रकम बीमा कम्पनीले क्षतिपूर्ति दिनेछ । बीमा दावी गर्नका लागि घटना घटेपछि नियमानुसारका दिनभित्र जिल्लास्थितको समितिबाट सिफारिस गराई सम्बन्धित सहकारी संस्थाले बीमा कम्पनीमा आवश्यक कागजातहरू पेश गर्नु पर्नेछ ।

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय युवा तथा साना व्यवसायी ...कोष

## ब्याज अनुदान

कोषले बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूलाई वार्षिक ४ प्रतिशत ब्याजदरमा थोक कर्जा प्रदान गर्दछ र बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूले बेरोजगार युवाहरूलाई वार्षिक ८ प्रतिशत ब्याजदरमा नबढ्ने गरी कर्जा लगानी गर्नेछन् । संस्था र कर्जाग्राही बीच भएको सम्झौताअनुसार कर्जाग्राहीले किस्ता चुक्ता गरेपछि बुझाएको ब्याजको साठी (६०) प्रतिशतले हुन आउने रकम कोषलेसम्बन्धित ऋणीलाई अनुदान स्वरूप फिर्ता दिइनेछ ।

## कर्जा व्यवस्थापन शुल्क

कोषको सहुलियतपुर्ण कर्जा लिइएका बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूले युवाहरूलाई कर्जा प्रदान गरी कर्जा नियमित भएको एक वर्षपछि कोषले प्रति युवा लगानीमा रु.५००। (अक्षरेपी पाँच सया मात्र) कर्जा व्यवस्थापन शुल्कवापत सहकारी संस्थालाई उपलब्ध गराउने छ । संस्थाले ऋणीहरूसँग कुनै प्रकारको अन्य शुल्कहरू लिन नपाइने व्यवस्था छ ।

## कर्जा लगानी प्रक्रिया

- कोषको थोक कर्जा प्रवाह गर्न कोषले प्रकाशित गरेको सूचनाबमोजिम सहकारी संस्थाहरूले प्रस्ताव पेश गर्ने ।
- सहकारी संथालाई पहिलो चरणमा बढीमा एक करोड रूपियाँसम्म कर्जा लगानी गर्न सकिने छ ।
- सहकारी र कोषबीच सम्झौता भएको रकमलाई पहिलो किस्तामा ५०% र दोस्रो किस्तामा ५०% गरी जम्मा दुई किस्तामा उपलब्ध गराइनेछ ।
- कोषसँग थोक कर्जा लिएको सहकारी संस्थामा बेरोजगार शेयर सदस्यले आफूले गर्न खोजेको व्यवसायको योजनासहित निवेदन दिन सक्नेछ ।
- व्यावसायिक योजनाअनुसार सहकारीले व्यक्तिलाई बढीमा रु. ५ लाखसम्म रकम उपलब्ध गराउन सक्नेछ ।
- समूहगत लगानी गर्नका लागि सहकारीका शेयर सदस्यहरूको बढीमा २५ जनाको समूहमा प्रतिव्यक्ति रु. पाँच लाखभन्दा नबढ्ने गरी सहकारीले सामूहिक रु. ५० लाखसम्म लगानी गर्न सक्नेछ ।
- कोषसँग साझेदारी गरिरहेका बैंक तथा वित्तीय संस्थाहरूमा बेरोजगार युवाहरूले सोझै स्वरोजगार कर्जा माग्न सक्नेछन् ।
- सहकारी संस्थाहरूको केन्द्रीय निकाय एवम् राष्ट्रिय सहकारी बैंकले समेत प्रारम्भिक सहकारी संस्थालाई थोक रूपमा स्वरोजगार कर्जा प्रदान गर्ने गर्दछ ।
- सहकारी संस्था तथा बैंक, वित्तीय संस्थाले बेरोजगार युवालाई बढीमा ८% तोकिएको मात्र ब्याज लिन पाउने छन् ।

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोष

**कर्जाका लागि आशय पत्र, संस्थाले प्रस्ताव पेश गर्ने प्रक्रिया, कर्जा प्रस्ताव छनौट र स्वीकृत कर्जा लिनका लागि व्यक्ति वा समूह छनोट गर्ने प्रक्रिया :-**

**व्यक्तिले कर्जा माग गर्ने पक्रिया :**

- व्यक्तिगत वा सामूहिक स्वरोजगार कर्जा लिनका लागि आशयपत्र कोषको Website (www.ysef.gov.np) मा Log In गरी online भर्नु पर्नेछ ।
- उपदफा (१) बमोजिम Online भर्न सम्भव नभएमा कोषको website वाट download गरी वा कोषले उपलब्ध गराएको आशयपत्र पूर्ण रूपमा भरी स्थानीय तहमा रहेको स्थानीय समन्वय तथा अनुगमन समिति/सम्पर्क कार्यालयमा बुझाउनु पर्नेछ ।
- निश्चित क्षेत्र, भूगोलमा स्वरोजगार कर्जा कार्यक्रमहरूका सन्दर्भमा व्यक्तिगत वा सामूहिक स्वरोजगार कर्जा लिनका लागि आशयपत्र भरी कोषले तोकेको स्थान वा सम्पर्क कार्यालयमा बुझाउन सकिनेछ ।
- कोषको उद्देश्यअनुसार स्थानीय तह/वार्डबाट सिफारिस पत्रसहित प्राप्त भएका आशयपत्रहरू अध्ययन विश्लेषण गरी कार्यक्रम शाखाले कार्यकारी निर्देशकसमक्ष पेश गर्नेछ ।
- कोषका कार्यकारी निर्देशकले स्वीकृतिका लागि कार्यकारी उपाध्यक्षसमक्ष सिफारिस गर्नुपर्नेछ र यसरी सिफारिस गरिएका ऋणीहरूलाई कोषका कार्यकारी उपाध्यक्षबाट कर्जा स्वीकृत गरिनेछ ।
- आशयपत्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार कोषसँग सुरक्षित रहनेछ ।
- स्वीकृत आशयपत्रअनुसारका व्यक्तिहरूलाई कोषले स्वीकृत गरिएका संस्थाहरूमार्फत कर्जा लगानी गरिनेछ ।

**संस्थाले प्रस्ताव पेश गर्ने प्रक्रियाः-**

(१) कोषले कर्जा लगानीका लागि समयसमयमा सञ्चार माध्यम (रेडियो, टि.भी., एफ.एम., राष्ट्रिय तथा स्थानीय पत्रपत्रिका, कोषको वेवसाइट आदि) बाट संस्थालाई प्रस्ताव पेश गर्न सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) थोक कर्जा प्रस्ताव पेश गर्ने सहकारी संस्थाहरू तथा कोषसँग पुनः कर्जा कारोवार गर्न चाहने सहकारी संस्थाहरूले पुरा गर्नुपर्ने मापदण्डहरू देहाय बमोजिम हुनेछन्:-

(क) संस्थाको कार्यक्षेत्र, शेयर पूँजी, सदस्य सङ्ख्या, सञ्चालन अवधि र वित्तीय अवस्था कोष सचिवालयले तोकेबमोजिम हुनेछ ।

(ख) पछिल्लो आ. व. मा भाखा नाघेको ऋण कुल ऋण लगानीको ५ प्रतिशतभन्दा बढी नभएको हुनुपर्नेछ ।

(ग) पछिल्लो आ.व. को आषाढ मसान्तसम्मको लेखापरीक्षण सम्पन्न भई संस्था सञ्चित नोक्सानीमा नरहेको हुनुपर्नेछ ।

(३) सहकारी संस्थाले देहायका कागजातहरू प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

(क) लेखा परीक्षण प्रतिवेदन प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(ख) कोषले तोके बमोजिमको कर्जा प्रस्तावको फाराम पूर्ण रूपमा भरी प्रत्येक पानामा हस्ताक्षर गरी संस्थाको छाप लगाएको हुनुपर्नेछ ।

(ग) सम्बन्धित स्थानीय तहबाट सहकारी ऐन, नियम एवम् मापदण्डअनुरूप नियमित रूपमा सञ्चालन भएको सिफारिस पत्र हुनुपर्नेछ ।

(घ) संस्थाको आफ्नो कार्यालय भवन नभएमा घर वहाल सम्झौता पत्र हुनुपर्नेछ ।

(ङ) संस्था दर्ता प्रमाण पत्र, स्थायी लेखा नं., कर चुक्ता प्रमाण पत्र र विनियमको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(४) कोषसँग पुनः कर्जा कारोवार गर्न चाहने संस्थाहरूले कोषलाई तिर्नु बुझाउनुपर्ने रकम नियमित रूपमा तिरेको हुनुपर्नेछ ।

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोष

**बैंक तथा वित्तीय संस्थाले कर्जा माग प्रस्ताव पेश गर्दा आवश्यक कागजातहरू :-**

(क) संस्था दर्ता प्रमाणपत्र, प्रबन्धपत्र, नियमावली एवम् सञ्चालकहरूको पूर्ण विवरण ।

(ख) लेखापरीक्षण प्रतिवेदन ।

(ग) संस्थाको पुँजी संरचना, वित्तीय अवस्था, निक्षेप तथा पुँजीकोष विवरण ।

(घ) कर्मचारीको विवरण ।

**५. कोषको शाखा र जिम्मेवार अधिकारीहरू (शाखा प्रमुखहरू) :**

**कोषको अध्यक्ष : युवा तथा खेलकुद मन्त्री, माननीय महेश्वर जंग गहतरात (अथक)**

| क.सं. | नाम | पद | जिम्मेवार शाखा |
|---|---|---|---|
| १ | डा. देवराज रोका (कल्याण) | कार्यकारी उपाध्यक्ष | |
| २ | विश्वमोहन अधिकारी | कार्यकारी निर्देशक | |
| ३ | टङ्कनाथ काफ्ले | उप–सचिब | लेखा |
| ४ | नारायणदत्त देवकोटा | शाखा प्रमुख | अनुसन्धान कार्यक्रम प्रबर्द्धन तथा सूचना प्रविधी |
| ५ | सुदीप सिलवाल | शाखा प्रमुख | प्रशासन |
| ६ | ज्ञानहरि देवकोटा | शाखा प्रमुख | अनुगमन |
| ७ | लोकबहादुर खड्का | शाखा प्रमुख | कानुन तथा असुली |
| ८ | नरबहादुर साउद | शाखा प्रमुख | तालिम |
| ९ | सम्झना वाग्ले | शाखा प्रमुख | कार्यक्रम |
| १० | प्रज्वल चित्रकार | शाखा प्रमुख | वित्त |
| ११ | सूर्यप्रकाश तिवारी | शाखा प्रमुख | बीमा |

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

हालसम्म कोषबाट सेवा प्रदान गर्नका लागि कुनै पनि दस्तुर लिने गरिएको छैन । कामको प्रकृतिअनुसार सहजै उपलब्ध हुने खालको सूचना भएमा मागेकै समयमा र समय लाग्ने खालको भएमा यथासक्य छिटो उपलब्ध गराइँदै आएको छ । अबका दिनमा कुनै ठूलो आकारको सूचना माग हुन आएमा सूचनाको हकसम्बन्धी ऐन तथा नियमावलीअनुसार नै दस्तुर लिइनेछ ।

**७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र निर्णय गर्ने अधिकारी**

निणर्य गर्ने प्रक्रियामा सम्बन्धित कागजात फाइल आदिको सुरुबाट शाखा अधिकृत हुँदै सम्बन्धित शाखा प्रमुख र निर्णय गर्ने कार्य कार्यकारी निर्देशक वा उपाध्यक्ष वा माननीय मन्त्रीबाट हुन्छ । कतिपय निर्णयहरू कार्यकारी निर्देशकबाट तालुक सचिवसमक्ष पेश हुने व्यवस्था छ ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी**

निर्णय प्रक्रियामा संलग्न अधिकारीले गरेको निर्णयउपर चित्त नबुझेमा निर्णयकर्ताभन्दा एक तह माथिको पदाधिकारीसमक्ष उजुरी गर्न सकिने र त्यस्तो उजुरी उपर नियमानुसार कार्बाही गरिनेछ ।

९. कोषले सम्पादन गरेको कामको विवरण

आर्थिक वर्ष २०७९/८० को असोज महिनासम्मको निति तथा कार्यक्रम र बजेट कार्यान्वयनको प्रगति

| क्रियाकलाप | बजेट रु लाखमा | लक्ष्य | माइलस्टोन | साउन महिनाको प्रगती | भाद्र महिनाको प्रगती | असोज महिनाको प्रगती | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| स्वरोजगार कार्यक्रम | ० | १२ हजार जना | स्वरोजगारी सिर्जना | ० | १८५ | असोज महिनासम्म १२४८ जना स्वरोजगार भएका। (लगानी भएका व्यवसायहरुमा कृषि, कृषि जन्य तथा सेवा व्यवसायमा लगानी भएका। | ४१.६ प्रतिशत (पहिलो त्रैमासिक लक्ष्य ३००० जना स्वरोजगार वनाउने रहेको) |
| अल्पकालीन तथा मौसमी रोजगार सिर्जना गर्ने | ० | ८ हजार जना | स्वरोजगारी सिर्जना | ० | ० | असोज महिनासम्म ५६० जना स्वरोजगार व्यवसाय मार्फत रोजगार भएका। | २८ प्रतिशत (पहिलो त्रैमासिक लक्ष्य २००० जना रोजगार वनाउने रहेको) |
| परियोना तथा व्यवसायिक बिमा | २०३.९६ | ४८५६ जना | परियोना तथा व्यवसायिक बिमा | १४३५ | ३२६४ | असोज महिनासम्ममा ३९७० जना व्यवसायीहरुको बिमा भएको। | १०० |
| व्यवसायीलाई ब्याज अनुदान | १६७.९६ | ११२१ जना | व्यवसायीलाई ब्याज अनुदान | ० | ० | ० | ० |
| कर्जा व्यवस्थापन शुल्क | १८ | ३६०८ जना | सहकारी तथा वित्तिय संस्थालाई कर्जा व्यवस्थापन शुल्क वितरण | ० | ० | ० | ० |
| अनुशिक्षण तालिम | ६ | १००० जना | सहकारी का पदाधिकारीलाई अनुशिक्षण | ० | ९८ | असोज महिनासम्म २४२ जना सहकारीका पदाधीकारीहरुलाई अनुशिक्षण गरिएको। | ९६.८ प्रतिशत (पहिलो त्रैमासिक लक्ष्य २५० जना प्रतिनिधीलाई अनुशिक्षण दिने रहेको) |

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोष

## वेरुजु तथा गुनासो फर्छ्यौटको अवस्था

| रकम रु. | | | | गुनासो वटामा | | | |
|---|---|---|---|---|---|---|---|
| वेरुजु फर्छ्यौट | २०७९ असोज मसान्त सम्मको वेरुजु रकम | असोज सम्मको फर्छ्यौट | फर्छ्यौट प्रतिशत | सम्बन्धित निकाय | प्राप्त गुनासो संख्या | असोज सम्मको फर्छ्यौट | फर्छ्यौट प्रतिशत |
| युवा तथा साना व्यवसायी स्वरोजगार कोष | १३६८८३९२२.३५ | ०.० | ०.० | युवा तथा साना व्यवसायी स्वरोजगार कोष | ० | ० | ० |
| जम्मा | | | | जम्मा | | | |

## आर्थिक वर्ष २०७९/८० को असोज महिनासम्मको बजेट तथा खर्च प्रगति

| क.सं. | ब.उ.श.नं. | कार्यक्रम | जम्मा बार्षिक बजेट | चालू | | | पूजिँगत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वार्षिक बजेट | असोज सम्मको खर्च | खर्च प्रतिशत | वार्षिक वजेट | असोज सम्मको खर्च | खर्च प्रतिशत |
| १. | ३४३५१०११ | युवा तथा साना व्यवसायी स्वरोजगार कोष | १२३१ | १२१७ | ६.२२ | ०.५१ | १४.०० | ०.०० | ०.०० |
| | | **कुल संघिय बजेट** | **१२३१** | **१२१७** | **६.२२** | **०.५१** | **१४.००** | **०.००** | **०.००** |

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोष

## १०.सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद

### कार्यालय प्रमुख

| | |
|---|---|
|  | **नाम : विश्व मोहन अधिकारी**<br>पद : कार्यकारी निर्देशक<br>फोन न :४१०२७९६<br>मोबाइल न : ९८५६०२४०९७<br>इमेल : bishwoadh4@gmail.com |

### सूचना अधिकारी

| | |
|---|---|
|  | **नाम :  सूर्य प्रकाश तिवारी**<br>पद : बीमा शाखा प्रमुख/सूचना अधिकारी<br>फोन नम्वर : ०१-४१०२७९५<br>मोवाईल नम्वर : ९८४६०२८२६९<br>इमेल : sunlighttiwari@gmail.com |

### सहायक सूचना अधिकारी

| | |
|---|---|
|  | **नाम : भोला  खड्का**<br>पद : अनुगमन अधिकृत/सहायक सूचना अधिकारी<br>फोन नम्वर : ०१-४१०२७८२<br>मोवाईल नम्वर : ९८४१८६४८५७<br>इमेल : bholakhadka2017@gmail.com |

## ११. ऐन नियम, विनियम वा निर्देशिकाको सूची

- युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७
- युवा तथा साना व्यवसायी स्वरोजगार कोष कर्मचारी सेवा सर्त विनियमावली, २०६९
- युवा तथा साना व्यवसायी स्वरोजगार कोष, कर्जा लगानी तथा असुली कार्यविधि, २०७७

१२. आम्दानी खर्च तथा आर्थिक कारोवारसम्बन्धी अद्यावधिक विवरण :

युवा तथा साना व्यवसायी स्वरोजगार कोष
कार्यालय कोड नं. ३४३५१३५०१
आ.व. २०७९।०८० असोज महिना सम्मको चालु खर्चको फाँटवारी

आ.व. २०७९।०८०
बजेट उपशिर्षक : युवा स्वरोजगार कोष (३४३५१०११३)

रु:

| खर्च/वित्तिय सं. नं. | खर्च/वित्तिय संकेतको नाम | अन्तीम वजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी वजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | ७००,००० | २५१,४९४ | १२८,६७१ | १२२,८२३ | २५१,४९४ | ० | २५१,४९४ | ४४८,५०६ |
| २१११२ | पारिश्रमिक पदाधिकारी | ९००,००० | २६८,१२० | १३४,०६० | १३४,०६० | २६८,१२० | ० | २६८,१२० | ६३१,८८० |
| २११२१ | पोशाक | १००,००० | ० | ० | ० | ० | ० | ० | १००,००० |
| २११३२ | महंगी भत्ता | १००,००० | ६,००० | ४,००० | २,००० | ६,००० | ० | ६,००० | ९४,००० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | २००,००० | ० | ० | ० | ० | ० | ० | २००,००० |
| २११४२ | पदाधिकारी अन्य सुविधा | १००,००० | ९,००० | ६,००० | ३,००० | ९,००० | ० | ९,००० | ९१,००० |
| २११४९ | पदाधिकारी अन्य भत्ता | १००,००० | ६,००० | ४,००० | २,००० | ६,००० | ० | ६,००० | ९४,००० |
| २१२१३ | योगदानमा आधारित बिमा कोष खर्च | १००,००० | १,२०० | ८०० | ४०० | १,२०० | ० | १,२०० | ९८,८०० |
| २२१११ | पानी तथा बिजुली | ७००,००० | ११४,६६५ | ५८,९७१ | ५५,६९४ | ११४,६६६ | ५०,००० | ६४,६६६ | ५८५,३३४ |
| २२११२ | संचार महसुल | ८००,००० | ४८,०९५ | ४६,५९५ | १,५०० | ४८,०९६ | ० | ४८,०९६ | ७५१,९०४ |
| २२२११ | इन्धन पदाधिकारी | ३००,००० | १०९,६०५ | १०९,६०५ | ० | १०९,६०५ | ० | १०९,६०५ | १९०,३९५ |
| २२२१२ | इन्धन कार्यालय प्रयोजन | ५००,००० | २५५,१९५ | १८९,८१५ | ६५,३८० | २५५,१९५ | १००,००० | १५५,१९५ | २४४,८०५ |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ८००,००० | १३७,७७४ | १२९,७०४ | ८,०७० | १३७,७७४ | ० | १३७,७७४ | ६६२,२२६ |
| २२२१४ | बिमा तथा नविकरण खर्च | २२,२००,००० | ६७,५३१ | ० | ६७,५३१ | ६७,५३२ | ० | ६७,५३२ | २२,१३२,४६८ |



नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोष

| खर्च/वित्तिय सं. नं. | खर्च/वित्तिय संकेतको नाम | अन्तीम वजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी वजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ४००,००० | ७१,८५३ | ० | ७१,८५३ | ७१,८५३ | ० | ७१,८५३ | ३२८,१४७ |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च | ३००,००० | ० | ० | ० | ० | ० | ० | ३००,००० |
| २२३११ | मसलन्ध तथा कार्यालय सामग्री | ७००,००० | १३९,७१७ | ९६,६४३ | ४३,०७४ | १३९,७१७ | ० | १३९,७१७ | ५६०,२८३ |
| २२३१४ | इन्धन प्रयोजन | १००००० | ३९५० | ३९५० | ० | ३९५० | ० | ३९५० | ९६०५० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १,०००,००० | ६८,४०८ | ४,५०० | ६३,९०८ | ६८,४०८ | ० | ६८,४०८ | ९३१,५९२ |
| २२३१९ | अन्य कार्यालय सञ्चालन खर्च | ९,५००,००० | ० | ० | ० | ० | ० | ० | ९,५००,००० |
| २२४१३ | करार सेवा शुल्क | ४८,२००,००० | ८,७३०,६४६ | ४,१८४,०४८ | ४,५४६,५९८ | ८,७३०,६४६ | ० | ८,७३०,६४६ | ३९,४६९,३५४ |
| २२५११ | कर्मचारी तालिम खर्च | १,१००,००० | ० | ० | ० | ० | ० | ० | १,१००,००० |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १,६००,००० | ४७,६०० | ० | ४७,६०० | ४७,६०० | ० | ४७,६०० | १,५५२,४०० |
| २२५२२ | कार्यक्रम खर्च | ३,५००,००० | ० | ० | ० | ० | ० | ० | ३,५००,००० |
| २२५२९ | विविध कार्यक्रम खर्च | ३००,००० | ० | ० | ० | ० | ० | ० | ३००,००० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ४,५००,००० | १,०४३,७२७ | ५८३,८६० | ४५९,८६७ | १,०४३,७२७ | ३००,००० | ७४३,७२७ | ३,४५६,२७३ |
| २२७११ | विविध खर्च | ७००,००० | ९३,५७५ | ३८,९७० | ५४,६०५ | ९३,५७५ | ५,००० | ८८,५७५ | ६०६,४२५ |
| २६४१३ | अन्य संस्थानलाई अनुदान स:शर्त | १८,६००,००० | ० | ० | ० | ० | ० | ० | १८,६००,००० |
| २८१४२ | घर भाडा | ३,६००,००० | ७५८,४२४ | ५०५,६१६ | २५२,८०८ | ७५८,४२४ | २५२,८०८ | ५०५,६१६ | २,८४१,५७६ |
| | **कुल जम्मा** | १२१,७००,००० | १२,२३२,५८१ | ६,२२९,८१० | ६,००२,७७१ | १२,२३२,५८१ | ७०७,८०८ | ११,५२४,७७३ | १०९,४६७,४१८ |

युवा तथा साना व्यवसायी स्वरोजगार कोष

कार्यालय कोड नं. ३४३५१३५०१

आ.व. २०७९।८० असोज महिनासम्मको पुंजीगत खर्चको फाँटवारी

आ.व. २०७९।०८०

बजेट उपशिर्षक : युवा स्वरोजगार कोष (३४३५१०११४)

रु:

| खर्च/वित्तिय सं. नं. | खर्च/वित्तिय संकेतको नाम | अन्तीम वजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी वजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| ३११२२ | मेशिनरी तथा औजार | ७००,०००.०० | ० | ० | ० | ० | ० | ० | ७००,०००.०० |
| ३११२३ | फर्निचर तथा फिस्चर्स | २००,०००.०० | ० | ० | ० | ० | ० | ० | २००,०००.०० |
| ३११३४ | कम्प्युटर सफ्टवयर तथा निर्माण खर्च | ५००,०००.०० | ० | ० | ० | ० | ० | ० | ५००,०००.०० |
| | कुल जम्मा | १,४००,००० | ० | ० | ० | ० | ०.०० | ० | १,४००,००० |

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोष

## १३. सूचनाको हकसम्बन्धी तोकिएबमोजिम अन्य विवरण

सूचनाको हकसम्बन्धी व्यवस्था कार्यान्वयनका लागि चालिएका कदमहरू:

- सूचना अधिकारी र सहायक सूचना अधिकारी तोकिएको ।
- सूचना अधिकारी र सहायक सूचना अधिकारीको नाम, इमेल, ठेगाना तथा फोटोसहितको कोषको वेभसाइटको होम पेजमा राखिएको ।
- सेवाग्राहीलाई उपलब्ध गराउने सेवाको सम्बन्धमा नागरिक बडापत्र तयार गरी राखिएको ।
- कार्यालयको सूचनापाटीमा अद्यावधिक सूचनाहरू राख्ने गरिएको ।
- कार्यालयमा उजुरी बाकस राखिएको ।
- स्वत: प्रकाशन तयार गरी कोषको Website मा राखिएको ।
- कोषमा प्रत्यक्ष, फोन तथा इमेलमार्फत आएका जिज्ञासा तथा सवालहरूलाई आवश्यकताअनुसार सूचना उपलब्ध गराइएको ।
- पत्रकार सम्मेलन गरी कोषको कार्यप्रगति विवरणबारे जानकारी गराइएको ।

## १४. अघिल्लो आ.व.मा सञ्चालित कार्यक्रमहरू

### नियमित स्वरोजगार कार्यक्रम

- यस कार्यक्रमअन्तर्गत कोषले स्थापना कालदेखि नियमित रूपमा बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूबाट थोक कर्जा लगानी गरी थोक कर्जा लिएका संस्थाहरूमार्फत बेरोजगार युवाहरूमा कोषको नियमानुसार लक्षित वर्गमा कर्जा लगानी गर्दै आएको छ ।

### साझेदारीमा आधारित कार्यक्रम

- स्थानीय स्रोत साधनको समुचित प्रयोग हुने गरी मुलुकमा उपलब्ध जनशक्तिद्वारा स्वरोजगारमूलक व्यावसायिक परियोजना सञ्चालन गर्नका लागि प्रदेश र स्थानीय तह (नगरपालिका, गाउँपालिका) र समान उद्देश्य बोकेका स्वरोजगार तथारोजगारसँग जोडिएका सङ्घसंस्थाहरूसँग सहकार्यमा आधारित साझेदारी कर्जा लगानी कार्यक्रममार्फत सुलभ व्यावसायिक कर्जा उपलब्ध गराई उद्यमशीलताको विकासमार्फत मुलुकभित्र स्वरोजगारका अवसरहरू सिर्जना गर्न कोषले सहकार्यमा आधारित साझेदारी कार्यक्रम सञ्चालनमा ल्याएको हो । कोषले स्वरोजगार तथा रोजगार सिर्जना गर्नका लागि लोकल हाँस-कुखुरापालन, बङ्गुरपालन, बाखापालन, होमस्टे, र्‍याफ्टिङ व्यवसाय, आलु खेती, केरा खेती, बगर खेती, गोलभेडा, अदुवाखेती, काउली, बन्दा, बेसार खेती, पशुपक्षी पालन आदि व्यवसायमा कर्जा उपलब्ध गराई स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

### कोसी इकोनोमिक करिडोर कार्यक्रम

- विश्वमा मानव सभ्यता तथा वस्तीको विकास नदीको छेउछाउ, किनारबाट भएको पाइन्छ । भारतको ब्रह्मपुत्र, चीनको हवाङ्-हो, अफ्रिकाको नाइल, दक्षिण अमेरिकाको अमेजन नदी आदि मानवसभ्यता विकास एवम् आर्थिक समृद्धिका लागि ऐतिहासिक केन्द्रबिन्दु मानिदै आएका छन् ।
- सप्तकोसी नदी तथा उक्त नदीमा सहायक नदीहरूका किनारको आसपासमा नदीले छोएका सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, सिन्धुली, रामेछाप, दोलखा, ओखलढुंगा, सोलुखुम्बु, खोटाङ, उदयपुर, सप्तरी, भोजपुर, सङ्खुवासभा, धनकुटा, तेह्रथुम, पाँचथर, ताप्लेजुङ, सुनसरी गरी १७ जिल्लामा माछापालन, लोकल हाँस-कुखुरापालन, बङ्गुरपालन, बाखापालन, होमस्टे, र्‍याफ्टिङ व्यवसाय, आलु खेती, केरा खेती, बगर खेती, गोलभेडा, अदुवाखेती, काउली, बन्दा, बेसार खेती, पशुपक्षी पालन आदि व्यवसायमा कर्जा उपलब्ध गराई स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

**भेरी-कर्णाली इकोनोमिक करिडोर कार्यक्रम**

- भेरी-कर्णाली नदी किनारको आसपासका १७ जिल्लाहरू (हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, दैलेख, सुर्खेत, जाँजरकोट, अछाम, डोटी, बझाङ, बाजुरा, सल्यान, रुकुमपूर्व, रुकुमपश्चिम, कैलाली तथा वर्दिया) मा तरकारी खेती, पशुपालन, पक्षीपालन, फापर/कागुनो खेती, माछापालन, राता चामल, फलफूल खेती, होमस्टे/होटल, र्‍याफ्टिङ, अन्य स्थानीय व्यवसाय आदि मार्फत स्वरोजगार सिर्जना गर्न महत्त्वपूर्ण कार्यक्रम हो ।

**काठमाडौं उपत्यका स्वरोजगार कार्यक्रम**

- काठमाडौं उपत्यका रहेका महानगरपालिका, नगरपालिका र समान उद्देश्य बोकेका स्वरोजगार तथा रोजगारसँग जोडिएका सङ्घसंस्थाहरूसँग समन्वय र साझेदारी गरी पार्क, चोक, गल्ली, सपिङ मललगायतका ठाउँहरूमा Street Cart 0f Fast Food, तरकारी तथा फलफूल, दुग्धजन्य उत्पादन आदि बिक्री गर्नका लागि कर्जा उपलब्ध गराइनेछ ।

**तराई-मधेश स्वरोजगार कार्यक्रम**

- तराईका २१ जिल्ला (कञ्चनपुर, कैलाली, बाँके, बर्दिया, दाङ, कपिलवस्तु, नवलपरासी, रूपन्देही, चितवन, बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी, सुनसरी, मोरङ, झापा, उदयपुर) मा कोषले वायोफ्लक प्रविधिबाट भकारीमा प्रविधियुक्त माछापालनमा लगानी गरी स्वरोजगारका अवसरहरू सिर्जना गरिनेछ । त्यसै गरी अटोरिक्सा, ठेलागाडामा दुग्धजन्य व्यवसाय, फलफूल, तरकारी, चटपटे, Fast Food पसल लगायतका अन्य व्यवसाय र गाईभैंसीपालन आदि व्यवसायमा स्वरोजगारका अवसरहरू सिर्जना गर्ने प्रविधिमा लगानी गरी स्वरोजगारका अवसरहरू सिर्जना गर्न कर्जा उपलब्ध गराइनेछ ।

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोष

## प्रगति विवरण (स्थापना कालदेखि २०७९ असार मसान्त सम्म)

| क.सं | आ.व. | स्वरोजगार संख्या (जना) | लगानी रकम रु. (निकासा) | अभिमुखिकरण तालिम (जना) | सीपमूलक तालिम (जना) | अनुशिक्षण तालिम (जना) | ब्याज अनुदान | | वीमा गरेको संख्या(जना) | कर्जा व्यवस्थापन शुल्क | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | जना | रकम रु | | जना | रकम |
| १ | ०६६/६७ | १२ | १००,०००,००० | – | – | – | – | – | | | |
| २ | ०६७/६८ | ५४६ | १७७,०००,००० | – | – | – | | | | | |
| ३ | ०६८/६९ | ४,२०६ | ६५७,०५०,००० | – | ४,५८९ | – | | | | | |
| ४ | ०६९/७० | १०,०२५ | १,४६७,२००,००० | १७,०२३ | – | १,२८९ | | | | | |
| ५ | ०७०/७१ | १०,६८० | ८४३,७९०,००० | ११,५०० | ३,१५६ | १०२ | | | १५८५८ | | |
| ६ | ०७१/७२ | २,८९६ | २१५,५९५,००० | २,७६२ | – | १२८ | | | १०२६ | ४२११ | २१०५५०० |
| ७ | ०७२/७३ | २,५९७ | ३६६,०६५,००० | २,६६२ | – | ३४० | ६४१ | ४,८६६,९८७.७३ | ४४२७ | ७०६७ | ३५३३५०० |
| ८ | ०७३/७४ | ७,५९५ | १,०९३,६१५,००० | ७,१९८ | ६५८ | ८६५ | १६६७ | १७,१०८,४८०.७७ | ४७८९ | ११४६ | ५७३००० |
| ९ | ०७४/७५ | १७,०३९ | २,३५०,८१०,००० | – | – | ९५७ | ५७०३ | ५८,१५५,८२१.०० | १४५७१ | १५७९ | ७८९५०० |
| १० | ०७५/७६ | १२,८४० | १,५२१,७००,००० | ८३० | – | ५२० | ४१९२ | ४०,५९०,१४४.९४ | ९१२९ | १३२५ | ६६२५०० |
| ११ | ०७६/७७ | ५,२०२ | ७२४,८६०,००० | ५८८ | – | ३४८ | ३५९ | ३,९७४,१२६.१३ | ५,६९४ | १५१० | ७५५००० |
| १२ | ०७७/७८ | ५,७६६ | ३८७,७५०,००० | ० | ८४०३ | २२२ | १९ | २४०,५३८.८ | २,३१४ | २५९९ | १२९९५०० |
| १३ | ०७८/७९ | १२,१३९ | २,०३५,४००,००० | ० | ३७ | ९१५ | १,४८१ | २०,९१९,२५४.२० | ७,५४६ | २,९०७ | १,४५३,५०० |
| जम्मा | | ९१,५४३ | ११,९४०,८३५,००० | ४२,५६३ | ८,४४० | ५,६८६ | १४,०६२ | १४५,८५५,३५३.५७ | ६५,३५४ | २२,३४४ | ११,१७२,००० |

## १५. सार्वजनिक निकायको वेभसाइट

**Website :www.ysef.gov.np**

Email-; ysef.gov.np@gmail.com
Phone-; 014102782/ 014102788
Fax-;977-1-4102678 (Finance), 4102789(Monitoring)

## १६. सूचना परियोजनामा प्राप्त भएको वैदेशिक सहायता ऋण, अनुदान, एवम् सम्झौतासम्बन्धी विवरण :

यससम्बन्धी विवरण नभएको ।

## १७. कोषले सञ्चालन गरेका कार्यक्रम र सोको प्रतिवेदन :

### कर्जा लगानी एवम् स्वरोजगारी सृजना :

बेरोजगार युवाहरूलाई सहुलियत ब्याजदरमा कर्जा लगानी गरी स्वरोजगारी सृजना गर्नु कोषको मुख्य कार्यक्रम हो । कोषले स्थापनाकालदेखि आ. व. २०७९।८० को असोज मसान्त सम्ममा देशभरका ४० वटा बैंक तथा वित्तीय संस्थाहरूबाट र २५१३ वटा सहकारी संस्थाबाट रु. १२,१९,६५,८५,०००/- कर्जा लगानी गरी ९२,७९१ जना बेरोजगार युवाहरूलाई स्वरोजगार बनाएको छ ।

कोषले आ. व. २०७९।८० को श्रावण देखि असोज मसान्तसम्ममा ८६ वटा सहकारी संस्थाहरूबाट २५,५७,५०,०००/- कर्जा लगानी गरी १,२४८ जना युवाहरू स्वरोजगार बनाउन सफल भएको छ ।

### संस्थाहरूको स्थलगत अनुगमन :

कोषले स्वरोजगार कर्जा लगानी गर्नुपूर्व हरेक संस्थाको स्थलगत अनुगमन तथा निरिक्षण गर्नुपर्ने कोषको वाध्यात्मक अवस्था छ । कोषले हालसम्म ७५ जिल्लाका बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूको स्थलगत अनुगमनका आधारमा कोषको सूचनाको मापदण्डअनुसार उचित देखिएका २५१३ वटा संस्थाहरूबाट स्वरोजगार कर्जा लगानी गरेको छ ।

सोहीअनुसार कोषले बेरोजगार युवाहरूलाई स्वरोजगारका अवसरहरू सृजना गर्न आ. व. २०७९।८० को श्रावण देखि असोज मसान्तमा देशका २२ वटा जिल्लाका १७५ वटा सहकारी संस्थाहरूको प्रथम र दोस्रो किस्ताको स्थलगत्त अनुगमन र ४०४ वटा नयाँ प्रस्ताव पेश भएका सहकारीहरूको अनुगमन गरी कर्जा लगानी प्रक्रिया अगाडि वढिरहेको छ ।

### कर्जा असुली र कार्बाही :

कोषले लगानी गरेको रकम नियमानुसार असुलउपर नभएमा कोष नियमावली कर्जा लगानी तथा असुली निर्देशिका एवम् प्रचलित ऐन नियमानुसार कोषले असुल उपर गर्दै आएको छ । असुलउपर हुन नसकेको रकम संरक्षणका लागि कर्जा सम्झौताको अवधिमा सामूहिक जमानत दिने संस्थाका पदाधिकारी एवम् सदस्यहरूको र उनीहरूको एकाघरका परिवारको चल/अचल सम्पत्ति रोक्का राखिएको छ ।
कोष स्थापनाकाल देखि २०७९।८० को असोज मसान्त सम्ममा रु १२,१९,६५,८५,०००/-लगानी भएको छ । लगानी भएको रकम मध्ये २०७९ आषाढ मसान्तसम्म रु ६७,७९,७४,७६६।- भाखा नाघेको रकम देखिन्छ । भाखा नाघेको रकम संरक्षणका लागि देशभर १४६ वटा सहकारी संस्थाका १०३४ जना सहकारी तथा वित्तियसंस्थाका प्रतिनिधिहरुको अचल सम्पत्ति रोक्का रहेको अवस्था छ ।
भाखा नाघेको रकममध्ये कोषले आ. व. २०७९।८० को श्रावण देखि असोज मसान्त सम्ममा रु. १,०१,९९,४३३।- असुलउपर भएको छ भने ५ वटा सहकारी संस्थाको १२ जना पदाधिकारीहरुको घर जग्गा रोक्का गरिएको छ ।



नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोष

**तालिम तथा अभिमुखीकरण :**

स्वरोजगार बन्न इच्छुक युवा र साना व्यवसायीहरूमा परम्परागत सीप छ भने एकातिर त्यसलाई समयानुसार निखार्न आवश्यक हुन्छ भने अर्कोतिर नयाँ र आधुनिक सीप चाहिने भए त्यस्ता खालको व्यावहारिक तालिम प्रदान गर्न जरुरी हुन्छ । कोषले कोष सञ्चालन नियमावली, २०७७ र कर्जा लगानी तथा असुली कार्यविधि, २०७७ अधीनमा रही विभिन्न सङ्घसंस्थाहरूसँग समन्वय गरी तथा कोषस्वयम्ले तालिम सञ्चालन गर्ने गरेको छ । हालसम्म कोषले ४२,५६३ जनालाई अभिमुखीकरण तालिम, ८४४० जनालाई सीपमूलक तालिम तथा ६०३३ जनालाई अनुशिक्षण तालिम उपलब्ध गराएको छ । त्यस्तै कोषले हरेक वर्षमा कोषका कर्मचारीहरु तथा जिल्लामा कार्यरत कर्जा असुली सहजकर्ताहरुलाई क्षमता अभिबृद्धि तालिम उपलब्ध गराउदै आएको छ ।

कोषले आ. व. २०७९।८० को श्रावण देखि असोज मसान्त सम्ममा ३४७ जनालाई अनुशिक्षण तालिम उपलब्ध गराएको छ ।

**अनुसन्धान, कार्यक्रम प्रवर्द्धन एवम् सूचना प्रविधि :**

अनुगमन, कार्यक्रम, तालिम, ब्याज अनुदान र असुलीको कामलाई थप व्यवस्थित गर्न सफ्टवेयर तयार गरिएको यस्ता सबै सफ्वेयरहरूलाई एकीकृत गर्ने काम अगाडि बढाइएको छ । यस कोषको जी.आई.डि.सी.को सर्भरमा कार्यालयको वेवसाइटसम्बन्धी डाटालाई उक्त सर्भरको साथै कोषको आफ्नै कार्यालयको सर्भरमा समेत राख्ने व्यवस्था मिलाइएको छ । कोषसँग कारोवार गर्ने सहकारी संस्थाहरूसँग विभिन्न तहमा अन्तरक्रिया तथा सरोकारवाला निकायहरूसँग कोषको काम तथा स्वरोजगार कार्यक्रम सम्वन्धमा विभिन्न अभिमुखीकरण, अन्तरक्रिया तथा गोष्ठी सञ्चालन गर्ने एवम् प्रदर्शनीहरूमा सहभागिता जनाई कोषको बारेमा जानकारी दिने र स्वरोजगार व्यवसायीले गरेको उत्पादनलाई प्रदर्शन तथा विक्री बितरण गर्न सहजता प्रदान गरिएको छ ।

कोषले हालसम्म बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूमार्फत कर्जा लगानी भएका १४०६२ जनालाई रु. १४,५८,५५,३५४/- ब्याज अनुदान तथा २२३४४ जनालाई रु १,११,७२,०००/- कर्जा व्यवस्थापन शुल्क वितरण गरेको छ ।

**व्यवसायी तथा परियोजना बीमा :**

मिति २०६६।०१।२८मा नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोष कार्यक्रमअन्तर्गत प्रवाह गरिने ऋणको संरक्षणका लागि बीमा गर्दा अपनाउने कार्यविधि सम्बन्धमा नेपाल सरकार अर्थ मन्त्रालय र तत्कालीन राष्ट्रिय बीमा संस्थान (नेतृत्व-बीमकहरूबाट) बीच भएको दुई पक्षीय सम्झौताबमोजिम कोषबाट विभिन्न बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूबाट प्रवाह भएको स्वरोजगार कर्जा लिएका व्यवसायीहरूको जीवन तथा परियोजना बीमा हाल राष्ट्रिय बीमा कम्पनी लि.बाट गरिँदै आइरहेको छ । कोषले हालसम्म ६९,३२७ जना ऋणी व्यवसायीहरूको बीमा गराएको छ । जसमध्ये ११२० जना व्यवसायीहरूको परियोजना क्षति तथा मृत्यु भई रु ६,७७,९०,२६१/- क्षतिपूर्ति उपलब्ध गराइएको छ

कोषले आ. व. २०७९।८० को श्रावण देखि असोज मसान्त सम्ममा ३९७३ जना ऋणी व्यवसायीहरूको बीमा गराएको छ, भने १३ जना ऋणी व्यवसायीहरुको रु १३,९४,७८०/- बीमा दावी क्षतीपूर्ती उपलब्ध गराई वितरण गरेको छ ।

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोष

## १८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

| क्र.स. | सूचना वर्गीकरण | सूचनाहरु | कैफियत |
|---|---|---|---|
| १ | साधारण (सार्वजनिक गर्न सकिने सूचना) | कोष सञ्चालन नियमावली | |
| | | कर्मचारी सेवा सर्त विनियमावली | गोप्य राख्नु पर्ने वाहेकका विवरणहरु |
| | | कर्जा लगानी तथा असूली कार्यविधि | |
| | | कोष सञ्चालक समितिका निर्णयहरु | संवेदनशील तथा गोप्य राख्नु पर्ने वाहेकका विवरणहरु |
| | | कोषको बार्षिक कार्यक्रम, कार्ययोजना | |
| | | दरबन्दी सम्बन्धी विवरण | |
| | | कोषले प्रदान गर्ने सेवाको विवरण | |
| | | मासिक, त्रैमासिक, बार्षिक प्रगति विवरण (वित्तिय विवरणहरु समेत) | |
| | | चालु तथा पूजीगत खर्च सम्बन्धी विवरण (खर्चको फाँटवारी) | |
| | | कोषका कार्यक्रम तथा लगानीका मापदण्डहरु | |
| | | पदपुर्ति, लगानी, सिलबन्दी दरभाउपत्र, बोलपत्रसम्बन्धी सूचना | |
| | | कोषबाट अनुगमन भएका अनुगमन प्रतिवेदनहरु | |
| | | कोषले प्रदान गरेका तालीम, असूली, ब्याद अनुदान तथा बीमा सम्बन्धी विवरणहरु | |
| | | कोषले कर्जा लगानी गरेका वित्तिय संस्था, सहकारी संस्था र स्वरोजगार व्यवसायीहरुको लगानी विवरण | कोषले कर्जा लगानी गरेको रकम नेपाल सरकारको परिवर्तित नियमानुसार सार्वजनिक गर्न सकिने |
| | | कोषमा प्रस्ताव पेश गरी स्वीकृत भएका, अस्वीकृत भएका, अनुगमन तथा निरिक्षणको क्रममा रहेका वित्तिय संस्था तथा सहकारी संस्थाहरुको विवरण | |
| | | कोषको लगानी योग्य रकम र खराव कर्जाको अवस्था | |
| | | कोषसंग सम्बन्धित अध्ययन, अनुसन्धान प्रतिवेदनहरु | |



नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोष

| | | | |
|---|---|---|---|
| | | कोषका प्रचार सामग्रीहरु (ब्रोसर, वुलेटीन आदि) | |
| २ | गोप्य (निश्चित समयावधि पछि सार्वजनिक गर्न सकिने) | प्रक्रियामा रहेका तथा अन्तीम किनारा नलागेका मुद्दाहरु | |
| | | गोप्य उजुरी दिने उजुरीकर्ताको विवरण | |
| | | पदपुर्तिको अन्तिम नजिता प्रकाशन हुनुपूर्वको परिणामहरु | |
| | | वित्तिय संस्था तथा सहकारी संस्थाहरु संग भएको सम्झौता, तमसुक तथा संस्थागत विवरण तथा कागजातहरु | |
| ३ | अति गोप्य (सार्वजनिक गर्न नसकिने) | कर्मचारीहरुको व्यक्तिगत विवरण | अति गोप्य कागजातहरु कुनै पनि मुद्धाको किनारा लगाउन पर्ने भएमा अदालतको आदेश अनुसार उपलब्ध गराउन सकिने |
| | | पदपुर्तिको क्रममा लिखित, प्रयोगात्मक तथा अन्तरवार्ताका प्राप्त अंक | |
| | | कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनबाट प्राप्त अंक | |
| | | वित्तिय संस्था तथा सहकारी संस्थाहरु संग भएको सम्झौताको बखत पेश गरेका व्यक्तिगत विवरण तथा कागजातहरु | विवरण संग सम्बन्धित आधिकारीक व्यक्तिले माग गरेमा नियमानुसार उपलब्ध गराउन सकिने |

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोष

१९. मिति २०७९।०८० को श्रावण देखि असोज सम्म कोषमा परेका सूचना मागसम्बन्धी निवेदन र सूचना दिइएको विषय

| क.सं. | सूचना माग गर्ने व्यक्ति/संस्थाको नाम | सूचना उपलब्ध गराईएको विषय | प्रयोजन | कैफियत |
|---|---|---|---|---|
| १ | श्री दिपेश ढकाल | अध्ययन अनुसन्धानको लागि विवरण | व्यक्तिगत अध्ययन अनुसन्धान | |
| २ | श्री मध्यपश्चिम खानी तथा खनिज संघ | कार्यालयको कानूनी प्रयोजनको लागि रत्न पत्थर सम्बन्धी सूचना | कार्यालय | |

२०. कोषका सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

विभिन्न राष्ट्रिय दैनिक पत्रपत्रिकामा कोषको कर्जा मागसम्बन्धी तथा कर्जा असुली सम्बन्धी सूचनाहरु प्रकाशन गरिएको ।